# नेपाल आदिवासी जनजाति महासंघको
# विधान–२०४७–५३
# (संशोधन २०७८)

महासंघको १०औं राष्ट्रिय महाधिवेशन (२०७८ चैत्र ९-१०)
कावासोती नवलपुरबाट पारित विधान मस्यौदा

## नेपाल आदिवासी जनजाति महासंघ
**संघीय परिषद् सचिवालय, नेपाल ।**

## प्रस्तावना

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुराष्ट्रियताहरू भएको देश हो । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता तथा पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्वलाई संस्थागत गर्दै, भाषिक, सांस्कृतिक, धार्मिक तथा राजनीतिक समानताको मुद्दामा अडिग रहँदै हामी आदिवासी जनजातिहरूको आफ्नो भाषा, भेषभूषा, संस्कृति, धर्म, लिपी र समुदायको विकासका लागि आ-आफ्नो आदिवासी जनजातीय संगठन निर्माण गरी स्वतन्त्र र स्वायत्त रूपमा आदिवासी जनजातीय हक अधिकार प्राप्तिका निम्ति क्रियाशील रहँदै आएकोमा यी विभिन्न आदिवासी जनजाति संगठनहरूलाई महासंघीय प्रणाली अनुरूप समन्वय गर्दै साझा सवालमा नीति निर्माण गरी नेतृत्वको विकास गर्न र आदिवासी जनजातीय सद्भाव एवं भातृत्व अभिबृद्धि गरी आदिवासी जनजातिहरूको हक अधिकार स्थापित गर्न गराउन संगठित रूपले सक्रिय रहन वाञ्छनीय भएकोले नेपाल आदिवासी जनजाति महासंघको विधान २०४७-५३ (संशोधन २०७८) निर्माण गरी लागू गरिएको छ ।

# भाग-१
# प्रारम्भिक

**दफा १, संक्षिप्त नाम र प्रारम्भ**

(क) यस संस्थाको नाम नेपाल आदिवासी जनजाति महासंघ र अङ्ग्रेजीमा NEPAL FEDERATION OF INDIGENOUS NATIONALITIES हुनेछ । छोटकरीमा क्रमशः ने.आ.ज.म र NEFIN भनिनेछ ।

(ख) यो विधान महासंघको महाधिवेशनले पारित गरी जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरेको मितिदेखि तुरुन्त लागू हुनेछ ।

**दफा २, परिभाषाः- विधान भन्नाले विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा-**

(क) 'विधान' भन्नाले नेपाल आदिवासी जनजाति महासंघको विधान सम्झनु पर्छ ।

(ख) 'महासंघ' भन्नाले नेपाल आदिवासी जनजाति महासंघ सम्झनु पर्छ ।

(ग) 'आदिवासी जनजाति' भन्नाले हिन्दू वर्णाश्रम भित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबासका क्षेत्र, धर्म, संस्कृति, लिखित अलिखित र मौखिक इतिहास, मौलिक मातृभाषा, परम्परागत रीतिरिवाज, सांस्कृतिक पहिचान र सामाजिक संरचना भएको अनुसूची बमोजिमको आदिवासी जनजातिलाई बुझाउँदछ ।

(घ) 'अनुसूची' भन्नाले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा उल्लेख भएको अनुसूची र यस विधानमा व्यवस्था गरिएको अनुसूचीलाई बुझाउँदछ।

(ङ) 'सदस्य-संगठन' भन्नाले 'महासंघ'को सदस्यता प्राप्त गरेको आदिवासी जनजातीय सदस्य संगठनहरूलाई बुझाउँदछ।

(च) 'सम्बन्धन संगठन' भन्नाले 'महासंघ'को सम्बन्धन सदस्यता प्राप्त गरेका सम्बन्धन संगठनहरूलाई बुझाउँदछ।

(छ) 'प्रवास सम्बन्धन संगठन' भन्नाले 'महासंघ'को प्रवास सम्बन्धन सदस्यता प्राप्त गरेका प्रवास सम्बन्धन संगठनहरूलाई बुझाउँदछ।

(ज) 'महाधिवेशन' भन्नाले महासंघको विधानको दफा २० बमोजिम आयोजना गरिने महाधिवेशनलाई बुझाउँदछ।

(झ) 'संघीय परिषद्' भन्नाले नेपाल आदिवासी जनजाति महासंघको संघीय परिषद्लाई बुझाउँदछ।

(ञ) 'सचिवालय' भन्नाले नेपाल आदिवासी जनजाति महासंघको सबै तह संघीय परिषद्, प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र), महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका र वडा समन्वय परिषद्)को सचिवालयलाई बुझाउँदछ।

(ट) 'पदाधिकारी' भन्नाले नेपाली आदिवासी जनजाति महासंघ, संघीय परिषद्, प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र), महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका र वडा समन्वय परिषद्को सचिवालयका पदाधिकारीहरूलाई बुझाउँदछ।

(ठ) 'संस्था' भन्नाले संस्था दर्ता ऐन २०३४ बमोजिम गठित आदिवासी जनजाति महासंघमा आबद्ध आदिवासी जनजातीय संस्थालाई बुझाउँदछ।

(ड) 'मातृ संस्था' भन्नाले महासंघको सचिवालय वा संघीय परिषद्मा प्रतिनिधित्व गर्ने पदाधिकारीको आफ्नो आदिवासी जनजातीय संस्था (सदस्य संगठन) भन्ने बुझाउँदछ।

(ढ) 'समिति' तथा 'उपसमिति' भन्नाले महासंघका विभिन्न कार्यक्रम तर्जुमा गर्न गठन गरिने समिति तथा उपसमितिलाई बुझाउँदछ।

(ण) 'नियमावली' भन्नाले महासंघको विधानको अधिनमा रही संघीय परिषद्बाट बनाइने नियमावलीलाई बुझाउँदछ।

(त) 'संस्थापक सदस्य संगठन' भन्नाले अनुसूची-६ मा उल्लेखित सदस्य संगठनलाई बुझाउँदछ।

(थ) 'अधिवेशन' भन्नाले महासंघ अन्तर्गतका प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र), महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका र वडा समन्वय परिषद्को अधिवेशनलाई बुझाउँदछ ।

(त) 'समन्वय परिषद्' भन्नाले प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र), महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका र वडा समन्वय परिषद्लाई बुझाउँदछ ।

## भाग–२
## महासंघको गठन र उद्धेश्य

**दफा ३, महासंघको गठन**

(क) दफा ८ (क) बमोजिम सदस्यता प्राप्त विभिन्न सदस्य संगठनहरूलाई प्रतिनिधित्व हुने गरी नेपाल आदिवासी जनजाति महासंघको गठन हुनेछ ।

(ख) 'महासंघ' अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित, संगठित, गैर नाफामुलक, गैर राजनितिक र गैर सरकारी सामाजिक संस्था हुनेछ ।

(ग) 'महासंघले आफ्नो नामबाट' कोही व्यक्ति वा संस्था उपर नालिस वा उजुर गर्न सक्नेछ तथा 'महासंघ' उपर पनि नालिस वा उजुर लाग्न सक्नेछ ।

**दफा ४, महासंघको प्रतिक चिन्ह , छाप र झण्डा**

नेपाल आदिवासी जनजाति महासंघको प्रतिक चिन्ह, छाप र झण्डा यस विधानको अनुसूची १, २ र ३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**दफा ५, महासंघको शपथ ग्रहण, संस्थापक र सदस्य संगठनहरूको नामावली**

नेपाल आदिवासी जनजाति महासंघको शपथ ग्रहण, सदस्यता निवेदन फाराम, संस्थापक सदस्य संगठनहरू र सदस्य संगठनहरूको नामावली यस विधानको अनुसूची ४, ५, ६ र ७ मा उल्लेख भए बमोजिम हुनेछ ।

**दफा ६, महासंघको कार्यालय**

यस नेपाल आदिवासी जनजाति महासंघको संघीय परिषद् सचिवालय तथा संघीय कार्यालय, काठमाडौं उपत्यकाभित्र रहने छ ।

**दफा ७, महासंघका उद्धेश्यहरू**

नेपाल आदिवासी जनजाति महासंघका उद्देश्यहरू देहाय बमोजिम हुने छन्:

क) महासंघ एक मुनाफारहित लोक कल्याणकारी संस्था हुनेछ ।

ख) देशमा रहेका सम्पूर्ण आदिवासी जनजातिहरूको बीचमा पारस्परिक एकता, सद्भाव एवं भातृत्वभाव अभिवृद्धि गरी देश विकास एवं राष्ट्रियताको सुदृढीकरणमा ठोस तथा सक्रिय सहयोग गर्ने, गराउने ।

ग) आदिवासी जनजातिहरूको संगठनहरूलाई समन्वय गरी साझा सवालमा नीति निर्माण गर्ने र नेतृत्वको विकास गर्ने ।

घ) देशको विभिन्न आदिवासी जनजातिहरूको भाषा, लिपी, धर्म, संस्कृति, साहित्य शिक्षा आदि क्षेत्रमा समान विकास गर्न र हक अधिकार प्राप्तिका लागि सबैसँग मिली सहकार्य गर्ने एवं सहयोग पुऱ्याउने ।

ङ) आदिवासी जनजातिहरूका लागि राज्यबाट विशेष संरक्षण, विकास र आर्थिक उत्थानको निम्ति विभिन्न कार्य गर्ने गराउने ।

च) विश्वको जुनसुकै भागमा जाति, भाषा, धर्म, लिङ्ग, वर्ण आदिको आधारमा हुने भेदभावपूर्ण व्यवहारको बिरूद्धमा ऐक्यबद्धता जाहेर गर्दै विश्व सम्बन्ध र भातृत्वको विकास गर्न प्रयत्नशील रहने ।

छ) समान उद्देश्य भएका स्वदेश तथा विदेशका आदिवासी जनजातीय संगठनहरूसँग आवश्यक सम्पर्क एवं सम्बन्धको बिस्तार गर्ने ।

ज) विभिन्न आदिवासी जनजाति संघसंस्थाहरूको संस्थागत विकासमा सहयोग पुऱ्याउने र तिनीहरूको सशक्तिकरण गराउन पहल गर्ने ।

झ) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक एवं राजनैतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्धहरू लगायत सबै मानवअधिकार सम्बन्धी घोषणापत्रले सुनिश्चित गरेका हकको प्राप्तिका लागि राज्य सरकारलाई अनुमोदन गराउन प्रयत्न गर्नुको साथै अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र संयुक्त राष्ट्रसंघले आदिवासीहरूको अधिकार सम्बन्धी तयार गरेको घोषणा पत्रमाथि समर्थन, अनुमोदन र कार्यान्वयन गराउन सम्बन्धित निकायहरूसँग पहल गर्ने ।

ञ) राष्ट्रसंघीय मान्यताअनुसार आदिवासी जनजातिहरूको सामुहिक अधिकार, भूमि र प्राकृतिक स्रोतहरू, परम्परागत ज्ञान, सीप, कला तथा बौद्धिक सम्पत्ति माथिको अधिकार प्राप्तिका लागि क्रियाशील रहने ।

ट) आदिवासी जनजातिहरूको सर्बाङ्गिण विकासका लागि सशक्त रूपमा कार्य गर्ने गराउने ।

ठ) आदिवासी जनजातिहरूको सशक्तिकरण गर्न कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने र गरिबी निवारण गर्न पहल गर्ने ।

ङ) आदिवासी जनजातिहरूको हक अधिकारहरूको स्थापनाका लागि संघर्षरत रहने ।

ढ) देशमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै आदिवासी जनजातीय जनसंख्याको आधारमा समानुपातिक र कम्तीमा संघीय संसद प्रतिनिधि सभा र प्रदेश सभाहरूमा एक जाति एक प्रतिनिधि समावेशिताको सुनिश्चितता गराउन पहल जारी राख्ने ।

# भाग–३

**दफा ८, सदस्यता सम्बन्धी व्यवस्था**

क) संगठन सदस्यता- आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ को अनुसूचीभित्र पर्ने जाति र यस विधानको दफा २(ग) को परिभाषा भित्र पर्ने जाति (समुदाय)को एक मात्र संस्थाले नेपाल आदिवासी जनजाति महासंघको संगठन सदस्यता प्राप्त गर्न सक्नेछ ।

ख) नेपाल आदिवासी जनजाति महासंघको संगठन सदस्यता प्राप्त गर्न आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ को अनुसूचीभित्र पर्ने कुनै जातिको सम्बन्धित केन्द्रीय संस्थाले निवेदन गरेमा महासंघ सचिवालयको सिफारिसमा संघीय परिषद्को निर्णयले सदस्यता दिन उपयुक्त ठहरेमा एक जातिको एक मात्र केन्द्रीय स्तरको संस्थालाई सदस्यता दिन सकिने छ । सदस्यता पाउने व्यवस्था नभएका संस्थाले निवेदन दिएमा सचिवालयले संघीय परिषद् समक्ष सिफारिस गर्ने छैन र त्यस्तो निवेदन सम्बन्धित संस्थालाई फिर्ता पठाउन सक्नेछ ।

ग) सम्बन्धन सदस्यताः आदिवासी/जनजातिहरूको हक अधिकार प्राप्तिका लागि संघर्षरत स्थापित संघ, संगठनहरू जो महासंघको रूपमा स्थापना भई संस्था दर्ता ऐन-२०३४ बमोजिम गठित संस्थाले सम्बन्धन सदस्यता पाऊँ भनी आवेदन गरेमा नेपाल आदिवासी जनजाति महासंघ सचिवालयको सिफारिसमा संघीय परिषद्को बैठकबाट सम्बन्धन सदस्यता दिने निर्णय गर्न सकिनेछ । महासंघको मूल मर्म र भावनाबमोजिम क्रियाशील नभएमा महासंघले जुनसुकै बेला सम्बन्धन खारेज गरिदिन सक्नेछ । यसैगरी विभिन्न मुलुकमा स्थापना गरिएका आदिवासी जनजातिका संघसंस्थाहरू जो महासंघका रूपमा रहेका संस्थाहरूलाई पनि प्रवास सम्बन्धन सदस्यता दिन सकिनेछ । सम्बन्धन सदस्यता प्राप्त संस्थाहरूको काम, कर्तव्य महासंघको विधानको अधिनमा रही महासंघलाई सहयोग पुर्‍याउनु हुनेछ ।

# भाग–४

**दफा ९, संघीय परिषद्को व्यवस्था**

क) संघीय परिषद् महाधिवेशन बाहेकका अवस्थामा सर्वोच्च निकाय हुनेछ ।

ख) 'महासंघ'को एक 'संघीय परिषद्' हुनेछ । जो महासंघलाई क्रियाशील रूपमा निरन्तर अगाडि बढाउन भूमिका निर्वाह गर्दै सञ्चालन भइरहने परिषद् हुनेछ । संघीय परिषद्मा प्रत्येक सदस्य संगठनको वहालवाला अध्यक्षसहित दुईजना (१ जना महिला अनिवार्य) सम्बन्धित आदिवासी जनजातीय संस्थाहरूले संघीय परिषद्को सदस्यका लागि प्रतिनिधित्व गर्न पठाउनु पर्नेछ, जो संघीय परिषद्का सदस्य हुने छन् । तर, बैठकमा गणपूरक संख्याको रूपमा गणना गर्दा १/१ गरेर सदस्य संगठनलाई मात्र गणना गरिनेछ ।

ग) महासंघ संघीय परिषद् सचिवालयका पदाधिकारीहरू संघीय परिषद्को बैठकमा भाग लिन पाउने छन् ।

घ) महासंघको उद्देश्यलाई सहयोग पुऱ्याउन, सल्लाह सुझाब दिन, विधानअनुसार मनोनयन गरिएका सल्लाहकारहरू सचिवालय तथा संघीय परिषद्को बैठकमा भाग लिन पाउनेछन् ।

**दफा ९.१ संघीय परिषद्को बैठक**

क) संघीय परिषद्को बैठक वर्षमा ३ पटक बस्नुपर्ने छ ।

ख) सचिवालयले आवश्यक ठानेमा कुनै पनि बखत संघीय परिषद्को आकस्मिक बैठक बस्न सक्नेछ ।

ग) संघीय परिषद्को बैठकमा सचिवालयले गरेका निर्णयहरू अनुमोदनका लागि अनिवार्य पेश गर्नुपर्नेछ ।

घ) संघीय परिषद्को बैठकमा सचिवालयले महासंघको भावी नीति कार्यक्रमहरूको योजना पेश गर्नुपर्नेछ ।

**दफा ९.२ संघीय परिषद्को काम, कर्तव्य र अधिकार**

संघीय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) महाधिवेशनद्वारा पारित प्रस्तावहरूका साथै नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी निरीक्षण, मूल्याङ्कन गर्ने र विधानमा उल्लेखित उद्देश्यहरूको प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू गर्ने गराउने ।

ख) महाधिवेशनको आयोजना गर्ने ।

ग) महासंघको संघीय परिषद्को सचिवालयका पदाधिकारीको पदावधि समाप्त भएको मितिले बढीमा ६ महिना भित्रमा अर्को महाधिवेशन अनिवार्य गराउनुपर्ने ।

घ) सचिवालयले गरेका कार्यहरूको आवश्यक छलफल सुझाबसहित अनुमोदन गर्ने ।

ङ) संघीय परिषद्का सदस्यहरूले महासंघमा आफूसँग सम्बन्धित संगठनको प्रतिनिधित्व गर्ने ।

च) संघीय परिषद्ले महासचिव र कोषाध्यक्षद्वारा पेश हुने वार्षिक प्रगति र आर्थिक प्रतिवेदनमाथि छलफल गरी आवश्यक सुझाबसहित पारित गर्ने ।

छ) संघीय परिषद्ले जिल्ला समन्वय परिषद्हरूको सम्पूर्ण कार्यहरू अनुगमन गरी निर्देशन दिने ।

ज) संघीय परिषद्ले सदस्य संगठनहरूको अनुगमन गरी आवश्यक सल्लाह सुझाब लिनेदिने ।

झ) महासंघका उद्देश्य प्राप्तिका लागि आवश्यकतानुसार विभिन्न कार्यदल, छानबिन समिति, कम्तीमा तीन सदस्यीय महासंघको आन्तरिक लेखा समिति तथा उपसमितिहरूको गठन गर्न सकिनेछ ।

ञ) महाधिवेशन नभएको अवस्थामा संघीय परिषद् सर्वोच्च निकाय हुनेछ ।

**दफा १०, संघीय परिषद् सचिवालयको गठन**

महासंघको दैनिक कार्य सञ्चालनका लागि महाधिवेशनबाट अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ७ (महिला ३ अनिवार्य), महासचिव १, उपमहासचिव १, विभागीय/विषयगत सचिव ८ (महिला ४ अनिवार्य) र कोषाध्यक्ष १, सहकोषाध्यक्ष १ गरी जम्मा सचिवालय संख्या २१ जना निर्वाचित हुनेछन् ।

**दफा १०.१ महासंघको संघीय परिषद् सचिवालयमा पदाधिकारी बन्न उम्मेदवारी दिन पाउने व्यवस्था**

क) महासंघको सचिवालयका पदाधिकारीहरूमा उम्मेदवारी दिनका लागि सम्बन्धित सदस्य संगठनले आधिकारिक उम्मेदवारी सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

ख) महासंघको संघीय परिषद् सचिवालयका पदहरूमा उम्मेदवार बन्नका लागि नेपाल आदिवासी जनजाति महासंघको सदस्य संगठनको केन्द्रीय समितिको पदमा कम्तीमा एक पदावधि पूरा गरेको वा सो समितिमा कार्यरत व्यक्ति अथवा संघीय परिषद् सदस्य हुनुपर्ने छ । तर, एक आदिवासी जनजातीय संगठनबाट एक भन्दा बढी पदमा पदभार गर्न पाइने छैन ।

## १०.२ महासंघको संघीय परिषद् सचिवालयमा पदाधिकारी बन्न उम्मेदवारी हुन नपाउने व्यवस्था

क) अध्यक्ष/महासचिव पदमा एक पटक निर्वाचित भइसकेका सदस्य संगठन (जाति) बाट उक्त पदहरूमा उम्मेदवारी दिन पाइने छैन ।

ख) महासंघको सचिवालयमा दुई कार्यकाल पुरा गरिसकेको व्याक्ति उम्मेदवार हुन पाउने छैन

ग) सदस्यता शुल्क नबुझाएको सदस्य संगठनको प्रतिनिधि

घ) प्रचलित नेपाल कानुन बमोजिम अयोग्य व्यक्ति

ङ) पदाधिकारी भई आफ्नो पदावधि छँदै बीचमै राजीनामा दिएका, निष्कृय रहेका, आर्थिक अनियमितता र प्रत्याह्वानमा परेका वा महासंघको विधान अन्तर्गत कारवाहीमा परेका व्यक्ति ।

**स्पष्टीकरणः** नेपाल आदिवासी/जनजाति महासंघ २०४७ देखि २०५७ सालसम्म महासंघका सदस्य संगठनबाट जातीय नामाकरणको वर्णानुक्रम अनुसार ६/६ महिनामा सम्बन्धित आदिवासी जनजातीय संस्थाका केन्द्रीय अध्यक्षले अध्यक्षता गर्दै आएको र अध्यक्ष पद बाहेक महासचिव, सचिव, कोषाध्यक्ष लगायतका पदहरूमा निर्वाचन प्रक्रियाद्वारा पदाधिकारीहरूको चयन गर्ने व्यवस्था रहेकोमा चौथो महाधिवेशन २०५७ देखि २०६३ सम्म सम्बन्धित सदस्य संगठनका प्रतिनिधि (संघीय परिषद् सदस्य)बाट १/१ वर्षमा वर्णानुक्रम अनुसार नै अध्यक्षता हुँदै आएकोमा छैटौं महाधिवेशन २०६३ पश्चात् निर्वाचन प्रक्रियाद्वारा अध्यक्षलगायत सबै पदहरूमा महासंघ सचिवालयको चयन गरिने हुनाले अब उप्रान्त माथि उल्लेखित दफा १०.२(क) प्रावधान अध्यक्ष पदमा मात्र लागू हुनेछ ।

माथि उल्लेखित १०.२(क) व्यवस्था भएअनुसार जो महासचिव पदमा प्रमुख कार्यकारी पदाधिकारी भई महासंघलाई नेतृत्व गरिसकेको सदस्य संगठन (जाति) बाट अध्यक्ष पदमा उम्मेदवार बन्न पाइने छैन । उम्मेदवार भए वा कुनै कारणले निर्वाचित भए स्वतः बदर भएको मानिने छ ।

## दफा १०.३ सचिवालयको बैठक

क) सचिवालयको नियमित बैठक महिनामा १ पटक अनिवार्य बस्नुपर्ने छ ।

ख) आवश्यकताअनुसार जुनसुकै समयमा पनि सचिवालयको बैठक बस्न सक्नेछ ।

ग) बहुमतको निर्णय सचिवालयको निर्णय मानिने छ ।

घ) सचिवालयको नियमित बैठकमा बिना सूचना ३ पटक लगातार अनुपस्थिति भएमा स्वतः पद रिक्त भएको मानिने छ । रिक्त भएको पदमा सम्बन्धित सदस्य संगठनबाट पदपूर्ति गर्नुपर्ने छ । यदि सम्बन्धित सदस्य संगठनले २ महिनाभित्र प्रतिनिधि नपठाएको खण्डमा संघीय परिषद्को निर्णयानुसार अन्य सदस्य संगठनबाट मनोनयन गर्न सकिने छ ।

ङ) अध्यक्षको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले कार्यवाहक अध्यक्षकोकार्य सञ्चालन गर्नेछ ।

च) महासचिवको अनुपस्थितिमा उपमहासचिवले कार्यवाहक भई कार्य सञ्चालन गर्नेछ ।

छ) सचिवालय तथा संघीय परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा कार्यवाहक नतोकिएको खण्डमा उपाध्यक्षहरू मध्येबाट ज्येष्ठबाट अध्यक्षता गरिने छ ।

**दफा १०.४ पदावधि**

संघीय परिषद् सचिवालयका सम्पूर्ण पदाधिकारीहरूको पदावधि चयन भएको मितिले ३ वर्षको हुनेछ ।

**दफा १०.५ सचिवालयको काम, कर्तव्य र अधिकार**

क) महासंघको दैनिक कार्यालय सञ्चालन गर्ने ।

ख) महाधिवेशनले पारित गरेका प्रस्ताव तथा निर्णयहरू कार्यान्वयन गर्ने ।

ग) आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

घ) संघीय परिषद्को निर्णयहरू कार्यान्वयन गर्ने ।

ङ) संघीय परिषद्को बैठक बोलाउने ।

च) संघीय परिषद्द्वारा महाधिवेशनमा प्रस्तुत गरिने कार्य प्रगति तथा आर्थिक प्रतिवेदनहरू तयार गर्ने ।

छ) राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलनमा भाग लिनका लागि सदस्य संगठनहरूबाट पनि उपयुक्त प्रतिनिधिहरूको चयन गरी प्रतिनिधित्व गराउने ।

ज) आवश्यकताअनुसार कर्मचारीको नियुक्ति गर्ने तथा बर्खास्त गर्न सक्नेछ ।

झ) लेखा परीक्षकको नियुक्ति गर्ने ।

ञ) आवश्यक परेमा महासंघको सदस्य संगठनहरूको अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति गराई सचिवालयको बिस्तारित बैठक बस्ने ।

ट) अन्य आवश्यक कार्यहरू गर्ने ।

**दफा ११, सल्लाहकार समितिको व्यवस्था**

क) महासंघलाई सुझाव र सरसल्लाह दिनका लागि निवर्तमान अध्यक्षसहित विभिन्न क्षेत्रमा दक्षता हासिल गरी नेपालको आदिवासी जनजाति समुदायको हक र अधिकार प्राप्तिका लागि संघर्षरत व्यक्तिमध्ये लैङ्गिक तथा भौगोलिक रूपमा समेत प्रतिनिधित्व हुने गरी सचिवालयको सिफारिसमा संघीय परिषद्ले आवश्यक ठानेमा बढीमा ११ जना सल्लाहकारहरू सम्बन्धित सदस्य संगठनसँग परामर्श गरी संघीय परिषद्बाट मनोनयन गर्न सकिने छ ।

ख) सल्लाहकार समितिमा मनोनयन गर्दा एक जातिबाट एक जना भन्दा बढी लिइने छैन ।

ग) सल्लाहकारहरूको पदावधि मनोनयन भएपछि आउने महाविधेशन सम्मलाई हुनेछ ।

घ) सल्लाहकार सदस्यहरू महासंघको सचिवालय र संघीय परिषद्को बैठकमा सहभागी हुन सक्ने छन् तर बैठकको गणपूरक संख्याको रूपमा सल्लाहकारलाई गणना गरिने छैन ।

**दफा १२, दोहोरो पदाधिकार सम्बन्धी व्यवस्था**

महासंघको सांगठनिक संरचनामा कुनै संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्तिले एक पद भन्दा बढी पदको जिम्मेवारीमा बस्न पाइने छैन ।

**दफा १३, विभागहरूको व्यवस्था**

१) संगठन विभाग

२) विदेश विभाग

३) सुचना तथा सञ्चार विभाग

४) महिला विभाग

५) भूमि, भूक्षेत्र, प्राकृतिक स्रोत र प्रथाजन्य/प्रथाजनित विभाग

६) अनुसन्धान, संस्कृति तथा मातृभाषा विभाग

७) मानवअधिकार विभाग

८) प्रशिक्षण विभाग

उपर्युक्त विभागहरूको काम, कतर्व्य, अधिकार र सन्चालन महासंघको नियमावलीअनुसार हुनेछ

**दफा १४, प्रवास सम्बन्धन संगठन सम्बन्धी व्यवस्था**

विभिन्न मुलुकमा बसोबास गर्ने नेपाली आदिवासी जनजातिहरूको दुई वा सो भन्दा बढी आदिवासी जनजातीय संगठनहरू सम्बन्धित देशमा गठन भई क्रियाशील भएमा नेपाल आदिवासी जनजाति महासंघ, प्रवास सम्बन्धन संगठनहरू आदिवासी जनजातिहरूको हक, हित, उत्थान र विकास तथा आदिवासी जनजाति आन्दोलनमा योगदान पुऱ्याउने हेतुले प्रचलित विधि, विधान, पद्धति र प्रक्रियाअनुसार गठन गर्न सकिनेछ । महासंघको विधानको अनुसूची-७ मा उल्लेखित आदिवासी जनजातीय सदस्य संगठनहरूको प्रवास/शाखा संगठन वा सो आदिवासी जनजातीय संगठनसँग आबद्ध संस्था मात्र सहभागी हुन सक्नेछन् । नेपाल आदिवासी जनजाति महासंघको प्रवास संगठनहरूको नाम एकरुपताका लागि 'नेपाल आदिवासी जनजाति महासंघ' (NEPAL FEDERATION OF INDIGENOUS NATIONALITIES) को पछाडि सम्बन्धित देशको नाम हुनेछ । नेपाल आदिवासी जनजाति महासंघ, विदेशस्थित क्रियाशील संगठनहरूलाई व्यवस्थित रूपले समन्वय र सञ्चालनका लागि दुई वा सो भन्दा बढी देशमा क्रियाशील नेपाल आदिवासी जनजाति महासंघ, विदेशस्थित प्रवास सम्बन्धन संगठनहरूको सम्मिलितमा प्रवास संगठनहरूको महासंघ तथा नेपाल आदिवासी जनजाति महासंघको विधानको अनुसूची-७ मा उल्लेखित आदिवासी जनजातीय सदस्य संगठनहरूको अन्तर्राष्ट्रिय स्तरमा संगठन बनाई क्रियाशील भएको खण्डमा ति आदिवासी जनजाति (राष्ट्र) संगठनहरूको समेत सम्मिलितमा आदिवासी जनजातीय संगठनहरूको महासंघको रूपमा समेत नेपाल आदिवासी जनजाति महासंघ, अन्तर्राष्ट्रिय प्रवास समन्वय समिति गठन गर्न सकिनेछ ।

विभिन्न महादेशभित्र रहेका आदिवासी जनजातीय संगठनहरूलाई व्यवस्थित रूपले समन्वय र सञ्चालनका लागि दुई वा सो भन्दा बढी देशमा क्रियाशील नेपाल आदिवासी जनजाति महासंघ, विदेशस्थित प्रवास सम्बन्धन संगठनहरू तथा नेपाल आदिवासी जनजाति महासंघको विधानको अनुसूची-७ मा उल्लेखित आदिवासी जनजातीय सदस्य संगठनहरूको महादेश स्तरमा संगठन बनाई क्रियाशील भएको खण्डमा ति आदिवासी जनजाति(राष्ट्र) संगठनहरूको समेत सम्मिलितमा आदिवासी जनजातीय संगठनहरूको महासंघको रूपमा नेपाल आदिवासी जनजाति महासंघ, महादेश स्तरीय प्रवास समन्वय समिति गठन गर्न सकिनेछ ।

१) नेपाल आदिवासी जनजाति महासंघ, अन्तर्राष्ट्रिय प्रवास समन्वय समितिहरु नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालयको मातहतमा तथा अधिनस्थ भई क्रियाशील हुनेछन् ।

२) अन्तर्राष्ट्रिय प्रवास समन्वय समिति नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालयमा प्रवास सम्बन्धन संगठनको रूपमा आबद्धता हुनेछन् ।

३) महासंघ, संघीय परिषद सचिवालय र अन्तर्राष्ट्रिय प्रवास समन्वय समिति बीच नियमित अनुगमन, अभिलेखीकरण, समन्वय, सुमधुर सम्बन्ध कायम गर्न गराउन, संगठन बिस्तार र व्यवस्थित गर्न गराउन संघीय परिषद सचिवालयले विभागीय इञ्चार्ज तोक्ने छ ।

४) अन्तर्राष्ट्रिय प्रवास समन्वय समितिहरु गठनपश्चात् सम्बन्धित देश, महादेश, प्रवास संगठनहरूको अवस्थाबमोजिम संघीय परिषद सचिवालयको अधिनस्थ रही स्वायत्त ढङ्गले आफ्नो विधानबमोजिम कार्य सञ्चालन गर्नेछन् ।
नेपाल आदिवासी जनजाति महासंघ, अन्तर्राष्ट्रिय प्रवास समन्वय समितिहरु तथा प्रवास सम्बन्धन संगठनहरूको काम, कर्तव्य, अधिकार र सन्चालन महासंघको नियमावलीले निर्धारण गरेबमोजिम हुनेछ ।

**दफा १५, सदस्य र सम्बन्धन संगठनहरूको काम, कर्तव्य र अधिकार**

क) महासंघको महाधिवेशन/अधिवेशन, संघीय परिषद् र अन्य बैठकहरूमा भाग लिने, आफूलाई लागेको सुझाव पेश गर्ने, विचार व्यक्त गर्ने, चुनावमा उम्मेदवार हुने, मतदान भएमा स्वतन्त्र रूपमा मतदान गर्ने ।

ख) संघीय परिषद्मा प्रतिनिधि पठाउने तथा महासंघलाई क्रियाशील बनाउनमा सहयोग गर्ने ।

ग) यस विधानअन्तर्गत बनेको नियम, विनियमको अधिनमा रही काम गर्ने तर सदस्य संगठन स्वायत्त एवं सार्वभौम संगठन भएकोले आफ्नो जातिको हितार्थ काम गर्ने स्वतन्त्रतामाथि यसले बन्देज लगाएको मानिने छैन ।

घ) महासंघको उद्देश्य प्राप्तिका लागि आयोजना गरिएको कार्यक्रमहरूमा सहभागी हुने र तोकिएको जिम्मेवारी बहन गर्ने ।

ङ) आफ्नो सम्बन्धित जनजातीय संगठनको विधानबमोजिम आवद्धिक भएकाले मात्रै नेपाल आदिवासी जनजाति महासंघको महाधिवेशनमा भाग लिन पाउने छन्, अन्यथा सहभागी हुन पाउने छैनन् ।

**दफा १६, सदस्यता शुल्क**

महासंघको सदस्य र सम्बन्धन संगठनहरूको सदस्यता, नवीकरण र सम्बन्धन शुल्क संघीय परिषद् सचिवालयको बैठकले तोक बमोजिम हुनेछ ।

**दफा १७, सदस्यताको समाप्ति**

सदस्य संगठन तथा सम्बन्धन सदस्य संगठनले सदस्यता परित्याग गर्न चाहेमा उक्त संस्थाले कारण सहितको लिखित निवेदन तथा निर्णयको प्रतिलिपि महासंघको संघीय परिषद् सचिवालयमा पेश गरेको खण्डमा संघीय परिषद्को निर्णयले सदस्यता समाप्ति गर्न सकिने छ ।

**दफा १८, प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा समन्वय परिषद् सम्बन्धी व्यवस्था**

महासंघका सदस्य संगठन (सम्बन्धित आदिवासी जनजातीय संस्था)का दुई वा सो भन्दा बढी प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा समन्वय समितिहरू भएका ठाउँहरूमा आदिवासी जनजाति महासंघको तत्तत् समन्वय परिषद्हरू गठन गर्न सकिने छ ।

ती समन्वय परिषद्हरूको काम, कर्तव्य, अधिकार र सन्चालन तथा व्यवस्थित गर्न महासंघको नियमावलीबमोजिम सन्चालित हुने छन् ।

**दफा १९, पदेन सदस्यसम्बन्धी व्यवस्था**

आदिवासी जनजाति आन्दोलनलाई थप विस्तार गर्न, समन्वय प्रभावकारी बनाउन, विभिन्न स्वरूपको संगठनहरूलाई महासंघको संरचनासँग जोड्न देहायबमेजिम पदेन सदस्य हुनेछन्:

१) नेपाल आदिवासी जनजाति महासंघको सम्बन्धन संगठन लिएका सम्बन्धन संस्थाहरूको अध्यक्ष संघीय परिषदको पदेन सदस्यहरू हुने छन् ।

२) नेपाल आदिवासी जनजाति महासंघको अधिनस्थ रही प्रवास सम्बन्धन संगठनको रूपमा क्रियाशील महासंघ र नेपाल आदिवासी जनजाति महासंघ, अन्तर्राष्ट्रिय प्रवास समन्वय समितिको अध्यक्ष संघीय परिषदको पदेन सदस्यहरू हुने छन् ।

३) महासंघको मातहतमा रहेका प्रदेश समन्वय परिषद्का अध्यक्षहरू संघीय परिषदको पदेन सदस्य हुनेछन् । त्यसैगरी जिल्ला समन्वय परिषद्का अध्यक्षहरू प्रदेश समन्वय परिषद्को पदेन सदस्य हुनेछन्, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र) अध्यक्षहरू प्रदेश समन्वय परिषद्मा पदेन सदस्य हुनेछन् । पालिका समन्वय परिषद्का अध्यक्षहरू जिल्ला समन्वय परिषद्का पदेन सदस्य हुनेछन् ।

वडा समन्वय परिषद्हरूको अध्यक्ष पालिका समन्वय परिषद्को पदेन सदस्य हुनेछन् ।

पदेन सदस्यसम्बन्धी व्यवस्थाको काम, कर्तव्य, अधिकारबारे महासंघको नियमावलीमा निर्धारण भएबमोजिम हुनेछन् ।

# भाग–५

## दफा २०, महाधिवेशन सम्बन्धी व्यवस्था

### दफा २०.१ महाधिवेशन

क) महासंघको महाधिवेशन सर्वोच्च निकाय हुनेछ ।

ख) महासंघको महाधिवेशन प्रत्येक ३/३ वर्षमा एक पटक तोकिएको स्थान र मितिमा सम्पन्न गरिने छ ।

ग) महाधिवेशन बोलाउने र सम्पन्न गर्ने जिम्मेवारी संघीय परिषद् सचिवालयलाई हुनेछ ।

घ) महाधिवेशन बोलाउँदा कम्तीमा एक महिना अगाडि सूचना एवं पत्राचार गर्नुपर्ने छ ।

### दफा २०.२ महाधिवेशनमा सहभागिता

क) महासंघ संघीय परिषद्का सम्पूर्ण सदस्यहरू, सचिवालयका सम्पूर्ण पदाधिकारीहरू र सल्लाहकारहरू ।

ख) प्रत्येक सदस्य संगठनबाट १ पुरुष, १ महिला गरी जम्मा २ जना प्रतिनिधिले महाधिवेशनमा भाग लिने छन् । यी प्रतिनिधिहरूमध्ये आदिवासी जनजातीय संगठनको तर्फबाट सिफारिस गरिएका संस्थाको तर्फबाट १ जनाले मात्र संस्थागत तवरले महाधिवेशनमा मत दिने र उम्मेदवार बन्न पाउने छन् ।

ग) महासंघको विधानतः सम्बन्धन प्राप्त संगठन/संस्थाहरूबाट एक महिला अनिवार्यसहित ३ जनाले पर्यवेक्षकको रूपमा महाधिवेशनमा भाग लिन पाउने छन् ।

घ) महासंघको प्रदेश समन्वय परिषदहरूबाट एक महिला अनिवार्यसहित ३ जनाले पर्यवेक्षकको रूपमा महाधिवेशनमा भाग लिन पाउने छन् ।

ङ) महासंघको जिल्ला समन्वय परिषदहरूबाट एक महिला र एक पुरुष गरी २ जनाले पर्यवेक्षकको रूपमा महाधिवेशनमा भाग लिन पाउने छन् ।

ङ) महासंघको विधानतः गठित विदेशस्थित प्रवास संगठनहरूबाट ३ जना (एक महिला अनिवार्यसहित) ले पर्यवेक्षकको रूपमा महाधिवेशनमा भाग लिन पाउने छन् ।

**स्पष्टीकरण**: पर्यवेक्षकहरूले महाधिवेशनमा आफ्नो मत वा विचार राख्न सक्ने छन् तर मत दिने र उम्मेदवार बन्न भने पाउने छैनन् ।

**दफा २०.३ महाधिवेशनको काम, कर्तव्य र अधिकार**

क) महासचिवबाट प्रस्तुत महासंघको कार्यप्रगति प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

ख) कोषाध्यक्षबाट प्रस्तुत महासंघको आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

ग) महासंघको भावी नीति तथा कार्यक्रमको तर्जुमा गर्ने ।

घ) महाधिवेशनबाट अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ७ (३ महिला अनिवार्य) महासचिव १, उपमहासचिव १, सचिव ८ (४ महिला अनिवार्य) कोषाध्यक्ष १, सहकोषाध्यक्ष १ समेत गरी जम्मा २१ सदस्यीय संघीय परिषद् सचिवालयको सर्वसम्मत अथवा निर्वाचन प्रक्रियाद्वारा निर्वाचन गर्ने । पदाधिकारीहरूमा ३३ प्रतिशत महिला अनिवार्य हुने गरी सर्वसम्मत अथवा निर्वाचन प्रक्रियाद्वारा महासंघको सचिवालय चयन गर्ने ।

ङ) महासंघ महासंघीय सिद्धान्तबमोजिम समन्वयकारी भूमिका खेल्ने संगठन भएकोले पदाधिकारीहरूको चयन गर्दा समावेशी नेतृत्वका लागि आलोपालो सिद्धान्तको अभ्यास गर्दै जान आवश्यक भएको हुँदा लैङ्गिक तथा क्षेत्रीय आधारको ख्याल गर्दै निर्वाचन प्रक्रियाद्वारा पदाधिकारीहरूको चयन गरिने छ

च) महाधिवेशनमा ५१ प्रतिशत सदस्य संगठनको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिने छ ।

**दफा २१, गणपुरक संख्या र निर्णय**

क) महासंघको संघीय परिषद्/संघीय परिषद् सचिवालय/प्रदेश/जिल्ला/ विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र)/स्थानीय तह (गाउँपालिका, नगरपालिका, महानगरपालिका, उपमहानगरपालिका, वडा)/विदेशस्थित प्रवास संगठन आदिको महाविधेशन वा अधिवेशन वा सम्मेलन/भेला र सबै तहका समिति वा समन्वय परिषद्हरूको बैठकका लागि ५१ प्रतिशत गणपुरक संख्या हुनेछ । तर, गणपूरक संख्या नपुगी बैठक स्थगित भएमा तुरुन्त बस्ने अर्को बैठकको लागि १/३ (एक तिहाई) उपस्थिति पनि गणपूरक संख्या पुगेको मानिने छ ।

ख) कुनै पनि पदाधिकारी तथा सदस्यले बैठकमा प्रत्यक्ष भाग लिन नसक्ने विशेष कारण खुलाई बैठकमा राखिएका विषयउपर पत्र तथा विद्युतीय माध्यम (टेलिफोन, इमेल, एसएमएस, फ्याक्स, भिडियोकललगायत हुने इन्टरनेटका साधन)बाट आफ्नो सुझाव तथा मत जाहेर गरेमा त्यसलाई पनि बैठकको गणपुरक सङ्ख्यामा गणना गरिनेछ ।

ग) महासंघको संघीय परिषद्/संघीय परिषद् सचिवालय/प्रदेश/ जिल्ला/विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र)/स्थानीय तह (गाउँपालिका, नगरपालिका, महानगरपालिका, उपमहानगरपालिका, वडा)/विदेशस्थित प्रवास संगठन आदिको महाविधेशन वा अधिवेशन वा सम्मेलन/भेला र सबै तहका समिति वा समन्वय परिषद्हरूमा सबै विषयमाथि लोकतान्त्रिक तरिकाले छलफल हुनेछ । हरेक विषयमा सर्वसम्मत बनाउने प्रयत्न हुनेछ । तर, मत विभाजन भएमा बहुमतको निर्णय नै महासंघको निर्णय हुनेछ । अल्पमतमा परेको विचार अर्को महाविधेशन वा अधिवेशन वा सम्मेलन/भेला, बैठकसम्म सुरक्षित रहनेछ र तबसम्म अल्पमतले बहुमतको विचारलाई कार्यान्वयनमा लानुपर्ने छ ।

## भाग–६

### दफा २२, पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

#### दफा २२.१ अध्यक्ष

क) महासंघको सांगठनिक नेतृत्व गर्दै सचिवालय तथा संघीय परिषद् बैठकको अध्यक्षता गर्ने

ख) सचिवालयमा तथा संघीय परिषद् बैठकमा बराबर मत भएमा निर्णायक मत दिने

ग) बैठक, सम्मेलन तथा महाधिवेशनमा पेश गरिने प्रस्तावहरू तयार गर्ने गराउने तथा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने

घ) नियमित बैठक बाहेक आकस्मिक बैठकहरू बोलाउन महासचिवसँग परामर्श गरी आवश्यक कार्य गर्ने

ङ) महासंघका सदस्य संगठन तथा जिल्ला समन्वय परिषद्को सुपरिवेक्षण गरी आवश्यक परामर्श लिने वा दिने कार्य गरी कार्यक्रम तर्जुमा गर्ने

च) आदिवासी जनजाति आन्दोलन/अभियानलाई अन्य बहिष्कृत-सीमान्तकृत आन्दोलन/अभियानहरूसँग संवाद-छलफल गर्दै सम्बन्ध विस्तार गर्ने र एकीकृत आन्दोलन/अभियानको स्वरूप निर्माणमा जोड दिने र भूमिका निर्वाह गर्ने

छ) महासंघलाई संगठित र सुव्यवस्थित रूपमा कायम राख्न विशेष ध्यान दिने

ज) महासंघको विधान, महाधिवेशन, संघीय परिषद्ले तय गरेका कुराहरूको दिशानिर्देशन गर्दै महासंघलाई नेतृत्व प्रदान गर्ने

झ) आवश्यक अन्य कार्यहरू गर्ने ।

**स्पष्टीकरणः** महासंघका प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा समन्वय परिषद्का अध्यक्षले आ-आफ्नो प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडामा सक्रिय भई उपर्युक्त कार्यहरू गर्ने छन् ।

**दफा २२.२ बरिष्ठ उपाध्यक्ष**

क) अध्यक्षको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले कार्यवाहक अध्यक्ष को काम, कर्तव्य र अधिकार प्रयोग गरी महासंघलाई नेतृत्व प्रदान गर्दै निजको सम्पूर्ण कार्यहरू गर्ने गराउने र अध्यक्षलाई सहयोग गर्ने

ख) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सामाजिक, राजनैतिक संघ संगठनहरूसँग सम्बन्ध विस्तार गरी आदिवासी जनजातिहरूका मुद्दा तथा सवालहरू पुरा गराउन आवश्यक पहल गर्ने

ग) महासंघबाट तोकिएको जिम्मेवारी पुरा गर्न गराउन सदा तत्पर रहने र महासंघलाई क्रियाशील बनाउन अग्रसर रहने

घ) महासंघको भेला/सम्मेलन/सेमिनार आदिमा वैचारिक-सैद्धान्तिक-सांगठनिक पक्ष र आन्दोलन/अभियानलाई ध्यानमा राखेर दस्ताबेज प्रस्तुत गर्ने गराउने

ङ) बरिष्ठ उपाध्यक्षले सदस्य संगठनहरू र उपाध्यक्षहरूको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने

च) संगठनको विभिन्न संरचनाहरूका लागि समन्वय तथा परामर्शदायी भूमिकाको निर्वाह गर्ने

छ) अन्य तोकिएको कार्यहरू गर्ने ।

**दफा २२.३ उपाध्यक्ष**

क) महासंघबाट तोकिएको जिम्मेवारी पुरा गर्न गराउन सदा तत्पर रहने

ख) अध्यक्ष र बरिष्ठ उपाध्यक्षलाई सहयोग गर्ने

ग) महासंघलाई क्रियाशील बनाउन अग्रसर रहने

घ) उपाध्यक्षहरूले प्रदेश र जिल्ला संगठनहरूको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने

ङ) समन्वय तथा परामर्शदायी भूमिकाको निर्वाह गर्ने
च) अन्य तोकिएको कार्यहरू गर्ने ।

**दफा २२.४ महासचिव**

क) महासंघको प्रशासनिक नेतृत्व गर्दै दैनिक कार्य सञ्चालन गर्नका साथै पत्र व्यवहार गर्ने
ख) महासंघको सम्पूर्ण कागजातहरूको जिम्मा लिने, प्रगति प्रतिवेदन पेश गर्ने, महासंघका सदस्य संगठनसँग परामर्श गरी सचिवालयमा छलफलमा अध्यक्ष र पदाधिकारीहरूसँगको परामर्श प्रस्ताव पेश गर्ने
ग) महासंघको विधानले तोकेको समयावधिमा संघीय परिषद् तथा सचिवालयको बैठक बोलाउने, अन्य समय परिस्थितिअनुसार आकस्मिक बैठक बोलाउन निर्णय गर्ने, गराउने
घ) बैठकमा पेश हुने प्रस्तावहरूको मस्यौदा तथा बैठकको मिति तोकी संघीय परिषद्का सदस्यहरूलाई पत्राचार गर्ने
ङ) महासंघ सचिवालय तथा संघीय परिषद्बाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने
च) महासंघको कार्य सम्पादनको संयोजन गर्ने
छ) महासंघको संघीय परिषद्बाट कार्यप्रगति प्रतिवेदन अनुमोदन गराई महाधिवेशनमा पेश गर्ने
ज) महासंघले व्यहोर्नु परेका राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक, धार्मिक समस्याको पहिचान गरी आगामी दिनहरूमा ती चुनौतीलाई सामना गर्नुपर्ने भावी कार्यक्रमहरूको रूपरेखा महाधिवेशनमा पेश गर्ने
झ) अन्य तोकएको कार्यहरू गर्ने ।

**दफा २२.५ उपमहासचिव**

क) महासचिवको अनुपस्थितिमा कार्यवाहक महासचिवको हैसियतले महासचिवको सम्पूर्ण जिम्मेवारीपूर्वक कार्यहरू सम्पादन र सञ्चालन गर्ने
ख) बरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूसँग परामर्श गरी महासंघका सदस्य संगठनहरू, मातहत समितिहरूको अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन तयार गरी सचिवालय र संघीय परिषद्को बैठकमा पेश गर्ने
ग) सचिवालय तथा संघीय परिषद्को बैठकले दिएको जिम्मेवारी वहन गर्ने
घ) अन्य तोकिएको कार्यहरू गर्ने ।

**दफा २२.६ सचिव**

क) महासचिव र उपमहासचिवको निर्देशनमा निजले तोकेको सम्पूर्ण जिम्मेवारीपूर्वक कार्यहरू सम्पादन र सञ्चालन गर्ने

ख) अध्यक्ष, बरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूसँग परामर्श गरी महासंघका सांगठनिक संरचनाहरूको स्थितिको प्रतिवेदन तयार गरी सचिवालयको बैठकमा पेश गर्ने

ग) सचिवालय तथा संघीय परिषद्को बैठकले दिएको जिम्मेवारी वहन गर्ने

घ) अन्य तोकिएको कार्यहरू गर्ने ।

**स्पष्टीकरणः** महासंघको प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा समन्वय परिषद्मा महासचिवको व्यवस्था नभएको हुँदा प्रदेश परिषद्को हकमा महासचिवले गर्ने काम प्रदेश परिषद्को मुख्यसचिवले र जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा समन्वय परिषद्को हकमा महासचिवले गर्ने सम्पूर्ण कार्यहरू सचिवले र सचिवले गर्ने काम सहसचिवहरूले तोकिए बमोजिम गर्ने छन् ।

**दफा २२.७ कोषाध्यक्ष**

क) कोषाध्यक्षले महासंघको आर्थिक कोषको सम्पूर्ण कार्यहरू सम्पादन गर्नेछ । निजले संघीय परिषद् र सचिवालयको कोषाध्यक्षको हैसियतले जिम्मेवारी वहन गर्नुपर्नेछ

ख) महासंघको आय-व्ययको विवरण पारदर्शी रूपमा राख्ने

ग) महासंघले गरेका आर्थिक कारोवारहरूको प्रत्येक आर्थिक वर्षमा लेखा परीक्षण गराई आगामी वर्षका लागि अनुमानित बजेट संघीय परिषद्को बैठकमा पेश गर्ने

घ) कोषाध्यक्षले महासंघको संघीय परिषद्बाट आर्थिक प्रतिवेदन अनुमोदन गराई महाधिवेशनमा पेश गर्ने

ङ) महासंघको चलअचल सम्पत्तिको विवरण राख्ने तथा तिनीहरूको संरक्षण सम्वर्द्धन गर्ने

च) अन्य तोकिएको कार्यहरू गर्ने ।

**दफा २२.८ सहकोषाध्यक्ष**

क) कोषाध्यक्षको अनुपस्थितिमा कार्यवाहक कोषाध्यक्षको हैसियतले कोषाध्यक्षको सम्पूर्ण जिम्मेवारीपूर्वक कार्यहरू सम्पादन र सञ्चालन गर्ने

ख) महासंघलाई आर्थिक रूपले सबल बनाउन कोषाध्यक्षसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाउने र पहलकदमी गर्ने गराउने

ग) सचिवालय तथा संघीय परिषद्को बैठकले दिएको जिम्मेवारी वहन गर्ने

घ) अन्य तोकिएको कार्यहरू गर्ने ।

**दफा २३, उत्तरदायी**

क) महासंघ संघीय परिषद् सचिवालयका पदाधिकारीहरू आ-आफ्नो पदीय हैसियतले सविालय, संघीय परिषद् र महाधिवेशन तीनै तहप्रति उत्तरदायी हुने छन् । सचिवालय संघीय परिषद् र महाविधेश दुवैप्रति उत्तरदायी हुनेछ । संघीय परिषद् महाविधेशनप्रति उत्तरदायी हुनेछ ।

ख) प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा परिषद् सचिवालयका पदाधिकारीहरू आ-आफ्ना सचिवालय, समन्वय परिषद्हरू र अधिवेशन तीनै तहप्रति उत्तरदायी हुने छन् । सचिवालय परिषद्हरू र अधिवेशन दुवैप्रति उत्तरदायी हुने छन् । परिषद्हरू आ-आफ्नो अधिवेशनप्रति उत्तरदायी हुनेछन् ।

ग) तल्लो समन्वय परिषदहरू एक तह माथिल्लो परिषद्हरूसँग उत्तरदायी हुनेछन् ।

## भाग-७

**दफा २४, आर्थिक सम्बन्धी व्यवस्था**

**दफा २४.१ कोष**

क) महासंघको आफ्नो कोष हुनेछ । जसमा सदस्यता शुल्क, अनुदान, दानदातव्य वा विभिन्न स्रोतहरूबाट प्राप्त हुने रकम आम्दानीमा बाँधिने छ । महासंघले आदिवासीको हक, अधिकार प्राप्तिको आन्दोलन/अभियानका लागि छुट्टै कोष खडा गर्न सक्ने छ । त्यसरी नै महासंघको भौतिक कार्यालय सुव्यवस्थित गर्नका लागि समेत आर्थिक कोष खडा गर्न सक्ने छ ।

ख) कोषको रकम महासंघको नाममा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंकमा खाता खोली कार्य सञ्चालन गरिने छ ।

ग) अध्यक्ष, महासचिव तथा कोषाध्यक्ष सहित ३ जनाको संयुक्त दस्तखत (हस्ताक्षर)

बाट खाता खोली ३ जना मध्ये २ जनाको दस्तखतबाट खाता सञ्चालन गरिने छ । जसमा कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ । त्यसैगरी महासंघ सघिय परिषद सचिवालयको स्वीकृति लिएर प्रदेश, जिल्ला र स्थानिय तहहरुको परिषदले आ–आफ्नो बैंक खाता खोली सञ्चालन गर्न सक्नेछन तर परियोजनाको हकमा परियोजना निर्देशिकामा व्यवस्था गरिए बमोजिम हुनेछ ।

घ) 'महासंघ'ले नेपाल सरकार, दातृ संस्था वा कुनै व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र हस्तान्तरण गर्न वा लिन सक्नेछ ।

ङ) 'महासंघ'ले नेपाल सरकारको प्रचलित कानूनबमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, हस्तान्तरण गर्न वा लिन र भौतिक वा अभौतिक सम्पत्ति खरिद बिक्री समेत गर्न सक्ने छ । त्यसैगरी, चल अचल सम्पत्ति हकभोग सम्बन्धमा महासंघ संघीय परिषद् सचिवालयको पूर्व स्वीकृत लिएर स्वदेश तथा विदेशमा गठन भएका सबै स्तरका समन्वय परिषद्हरू, सम्बन्धन संस्थाहरू, विदेश शाखाहरूले आर्जन गरेका चल अचल सम्पत्तिहरू आ-आफ्नै संस्थाको नाममा स्वतन्त्र रूपले हकभोग गर्न पाउने छन् । महासंघ र यसअन्तर्गतका सबै परिषद्हरूले जग्गा जमिन, जिन्सी, भौतिक सरसामानहरू प्रचलित कानूनबमोजिम खरिद बिक्री गर्न पाउने छन् ।

**दफा २४.२ लेखा परीक्षण**

महासंघको प्रत्येक वर्षको आय/व्ययको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकद्वारा गराउनुपर्ने छ । लेखा परीक्षकको प्रतिवेदनमाथि संघीय परिषद् को बैठकबाट अनुमोदन गराई प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालय काठमाडौं समक्ष पेश गर्नुपर्ने छ र त्यसको प्रतिलिपि सदस्य संगठनहरूलाई १/१ प्रति अनिवार्य उपलब्ध गराउनुपर्ने छ

# भाग–८
# विविध

**दफा २५, कारवाही**

महासंघको संगठन सदस्यता र सम्बन्धन सदस्यता प्राप्त गर्ने संस्था, विदेशस्थित प्रवास संगठनहरू एवं प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा

वडा समन्वय परिषद्ले महासंघको विधान विपरित वा बिरुद्धमा कार्य गरेमा संघीय सचिवालयको सिफारिशमा संघीय परिषद्ले बढीमा २ वर्ष सम्मका लागि निलम्बन गर्न सक्नेछ। तर सो कार्य गर्ने संस्थालाई सफाइको मौकाबाट वञ्चित गरिने छैन। यसैगरी महासंघको बिरुद्धमा कार्य गर्ने अन्य संघ, संस्था वा व्यक्तिको हकमा संघीय परिषद्को बैठकले निर्णय गरेअनुसार आवश्यक कारवाही अगाडि बढाउन सकिनेछ। प्रदेश, जिल्ला, विशेष संरचना (स्वायत्त, विशेष, संरक्षित क्षेत्र), स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका) तथा वडा परिषद् सचिवालयले विधान विपरित कार्य गरेमा वा तोकिएको समयमा अधिवेशन सम्पन्न नगरेमा उक्त सचिवालयको एक तह माथिको सचिवालयको सिफारिसमा संघीय परिषद्को सचिवालयले त्यस्ता सचिवालयहरूलाई विघटन गरी अधिवेशन गराई नयाँ सचिवालय गठन गराउन सक्ने छ। साथै विदेश स्थित गठन गरिएका महासंघको सम्बन्धन प्राप्त संगठनहरूले महासंघको नीति, कार्यक्रम विपरित कार्य गरेमा महासंघको संघीय परिषद् सचिवालयले तिनीहरूको सम्बन्धन सदस्यता रद्द गर्न सक्ने छ।

**दफा २६, अविश्वासको प्रस्ताव**

महासंघ संघीय परिषद् सचिवालयका पदाधिकारीहरूले महासंघको नीति एवं उद्देश्य विपरित कार्य गरेको अभियोग लगाई संघीय परिषद्का कुल सदस्य संख्याको १/३ (एक तिहाई) सदस्यहरूले हस्ताक्षर गरी अविश्वासको प्रस्ताव दर्ता गर्न सकिने छ। अविश्वासको प्रस्ताव उपर छलफल गरी संघीय परिषद्को कुल सदस्य संख्याको २/३ बहुमतले पारित भएका सचिवालयका पदाधिकारीलाई सो पदबाट बर्खास्त गर्न सक्नेछ। तर त्यस्तो अविश्वासको प्रस्ताव दर्ता भएपछि निज व्यक्तिलाई सफाइको मौकाबाट वञ्चत भने गरिने छैन।

**दफा २७, प्रत्याव्हान**

देहाय बमोजिमको अवस्थामा प्रत्याव्हान गर्न सकिने छः

क) महासंघको संघीय परिषद् र सबै तहका समन्वय परिषदहरूका सदस्यहरूलाई आफ्नो मातृसंस्थाले आवश्यक ठानेमा जुनसुकै समयमा प्रत्याव्हान (फिर्ता) बोलाउन सक्नेछ। परिषद् वा समन्वय परिषद् सदस्यले पनि आफू प्रनिधित्व रहेको संघीय वा समन्वय परिषद्मा प्रतिनिधित्व गर्न नचाहेमा आफ्नो मातृसंस्थालाई लिखित रूपमा जानकारी दिएमा उक्त संस्थाले यस विधानबमोजिम सचिवालयमा सिफारिस गरी संघीय वा समन्वय परिषद्मा प्रतिनिधित्व गराउनुपर्नेछ।

ख) महासंघको संघीय परिषद् र समन्वय परिषद् सचिवालयका पदाधिकारीहरूले आफ्नो मातृसंस्था तथा महासंघको विधान विपरित कार्य गरेको भनी निजको मातृसंस्थाले निर्णय सहितको निवेदन दिएमा जुनसुकै तहका सम्बन्धित पदाधिकारीहरूलाई महासंघ र सम्बन्धित आदिवासी जनजातीय सदस्य संगठनको विधानबमोजिम प्रत्याव्हान गर्न सकिने छ ।

**दफा २८, पदरिक्तता**

क) सचिवालयका पदाधिकारीहरूले राजीनामा दिएमा,

ख) पदाधिकारीहरूको मृत्यु भएमा,

ग) मातृसंस्थाले प्रत्याव्हान (फिर्ता) बोलाएमा,

घ) नियमित बैठकमा विना सूचना ३ पटक लगातार अनुपस्थित भएमा

ङ) महासंघको उद्धेश्य, मूल मर्म र भावनाबमोजिम कार्य सम्पादन गर्न असमर्थ रहेको ठहरेमा पद रिक्त भएको मानिने छ ।

**दफा २९, पदपूर्ति**

रिक्त हुन गएको पदमा संघीय परिषद्/समन्वय परिषद्ले सम्बन्धित सदस्य संगठनबाट पदपूर्ति गर्नेछ । यदि सम्बन्धित सदस्य संगठनबाट १ महिनाभित्र नामावली प्राप्त नभएमा अन्य सदस्य संगठनबाट पदपूर्ति गर्न सकिने छ ।

**दफा ३०, निर्वाचन समिति/मण्डल**

क) महाधिवेशनले ३३ प्रतिशत महिला सहित १ जना प्रमुख रहने गरी बढीमा ५ सदस्यीय एक निर्वाचन समिति गठन गर्नेछ । उक्त समितिले विभिन्न पदहरूको सर्वसम्मत वा निर्वाचन प्रक्रियाद्वारा निर्वाचन सम्पन्न गर्नेछ । उक्त समितिले विधान र निर्वाचन निर्देशिकाको अधिनमा रही निर्वाचनसम्वन्धी सम्पूर्ण कार्य गर्नेछ ।

ख) निर्वाचन समितिले निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रिया अबलम्बन गर्नुपर्ने छ ।

ग) निर्वाचन समितिका सदस्यहरूले उम्मेदवार हुन र मतदान गर्न पाउने छैनन् ।

घ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन समितिको प्रखुमद्वारा अनुसूची-४ बमोजिमको शपथ ग्रहण गराउनुपर्ने छ ।

ङ) निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकार निर्वाचन समितिलाई हुनेछ ।

च) निर्वाचन सम्बन्धी कार्यविधि निर्वाचन समितिले तयार गरी महाविधेशनमा अनुमोदन गराउनुपर्ने छ ।

छ) निर्वाचन समितिले निर्वाचन सम्बन्धी कार्यहरू सम्पन्न गरेपछि निर्वाचन समिति स्वतः विघटन भएको मानिने छ ।

**दफा ३१, नियम विनियम बनाउने**

महासंघको उद्देश्य प्राप्तिका लागि संघीय परिषद्ले आवश्यक नियम, विनियम, नियमावली, निर्देशिका आदि बनाउन सक्नेछ ।

**दफा ३२, तदर्थ समिति**

कुनै पनि स्तरको परिषद्हरू विधानअनुसार गठन नभएसम्म सम्बन्धित स्तरको तदर्थ समन्वय परिषद् गठन गर्न सकिनेछ । विधानअनुसार सम्बन्धित समन्वय परिषद् गठन भएपछि उक्त तदर्थ परिषद् स्वतः विघटन हुनेछ ।

**दफा ३३, विधानको व्याख्या तथा बाधा, अड्चन, फुकाउ**

विधानको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा, अड्चन आइपरेमा त्यसको व्याख्या गरी बाधा, अड्चन फुकाउने अधिकार संघीय परिषद्लाई हुनेछ, महाधिवेशन पूर्व सो निर्णय नै अन्तिम मानिने छ । उक्त बाधा अड्चन फुकाउ गरिएको निर्णय सम्पूर्ण सदस्य संगठनहरूलाई लिखित रूपमा जानकारी गराउनुपर्ने छ ।

**दफा ३४, संस्था विघटन**

संस्था विघटन भएमा संस्थाको चल, अचल सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**दफा ३५, विधान संशोधन**

महासंघको विधान संशोधन विधान महाधिवेशनको आयोजना गरी गर्न सकिनेछ । तर, विधान महाधिवेशन हुन नसेकेको खण्डमा महाधिवेशनले विधान संशोधन गर्नेछ । महाधिवेशनमा उपस्थित प्रतिनिधिहरू मध्ये २/३ (दुई तिहाई)ले विधान संशोधन गर्ने प्रस्ताव पारित गरी निर्णय गरेमा विधान संशोधन हुनेछ र स्थानीय अधिकारीको स्वीकृति लिई संशोधित विधान लागू गरिने छ । विधान महाधिवेशनको प्रतिनिधि संघीय सचिवालयले प्रस्ताव गरी संघीय परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

**दफा ३६, विधानको व्याख्या**

महाधिवेशन पश्चात् यो विधान र विधानअन्तर्गत बनेको नियम विनियमको कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार संघीय परिषद् सचिवालय र संघीय परिषद्लाई हुनेछ ।

**दफा ३७, खारेजी तथा बचाउ**

क) नेपाल आदिवासि जनजाति महासंघको विधान-२०४७-५३ (संशोधन २०६३, २०७३) लाई संशोधन गर्न वाञ्छनीय देखिएकोले सो विधानलाई खारेज गरी नेपाल आदिवासी जनजाति महासंघको विधान-२०४७-५३ (संशोधन २०७८) लागू गरिएको छ । अब उपरान्त यही विधानबमोजिम कार्य सम्पादन हुनेछ ।

ख) खारेज भएको विधान अन्तर्गत आजसम्म भए गरेका कामहरू यस विधानअन्तर्गत भए सरह मानिने छ ।

**दफा ३८, निष्क्रिय**

यो विधानमा जेजे लेखिएको भएता पनि प्रचलित कानुनसँग बाझिएका कुराहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

## अनुसूची–१
## प्रतिक चिन्ह (लोगो)

नेपाल आदिवासी जनजाति महासंघको प्रतिक चिन्ह (लोगो)मा एउटा त्रिकोणमा भित्रपट्टि बीचमा पर्ने गरी एउटा पाँचकुने तारा हुनेछ भने बाहिरपट्टि ऐक्यबद्धताको प्रतिकको रूपमा बायाँबाट दायाँतिर हातेमालो गरिएको हातहरू अंकित चित्र हुनेछ । त्रिकोणले हिमाल, पहाड र तराई तीन क्षेत्रमा बस्ने आदिवासी जनजातिहरू जनाउनेछ भने ताराले तिनीहरूको एकता र हातहरूले तिनीहरूको बीच ऐक्यबद्धता जनाउनेछ ।


## अनुसूची–२
# छाप

नेपाल आदिवासी जनजाति महासंघको छाप अण्डाकार (ओभल सेप्ड) हुनेछ । उक्त आकारभित्र बाहिरी लाइनको समानान्तर एक भित्री लाइन हुनेछ र बीचमा ‘स्था.२०४७’, माथिल्लो भागमा ‘नेपाल आदिवासी जनजाति महासंघ’ तथा तल्लो भागमा ‘संघीय परिषद सचिवालय’ वा महासंघ अन्तरगतका विभिन्न निकायको नाम लेखिएको हुनेछ भने उक्त माथिल्लो र तल्लो शब्दहरूका बीचमा दुईवटा पाँचकुने साना ताराहरू हुने छन् ।




## अनुसूची–३
# झण्डा

नेपाल आदिवासी जनजाति महासंघको झण्डा २:३.५ अनुपातको आयतकारको हुनेछ र उक्त आयताकारको चारैतिर २ इन्च नीलो रङ हुनेछ भने उक्त आकारलाई तेस्रो तीन समान भागमा विभाजन गरिएको हुनेछ । जसमा सबभन्दा माथिको भाग सेतो, बीचको भाग हरियो र तल्लो भाग पहेँलो हुनेछ र तीन रङलाई छुने गरी बीचमा रातो रङको पाँचकुने तारा हुनेछ । नीलो रङले शान्ति, सेतोले हिमाली क्षेत्र, हरियोले पहाडी क्षेत्र र पहेँलो रङले तराई क्षेत्र जनाउनेछ भने तारा आदिवासी जनजातिको एकताको प्रतिक हुनेछ ।



# अनुसूची-४
# शपथग्रहण
# नेपाल आदिवासी जनजाति महासंघ
निर्वाचन समिति

म.....................................................उपस्थित विशिष्ट अतिथिहरू, प्रतिनिधि, पर्यवेक्षकहरूलाई साछी राखी सपथ लिन्छु कि नेपाल आदिवासी जनजाति महासंघ,..... .....................................................समन्वय परिषदको............................. ......पदमा निर्विरोध/निर्वाचित भएकोले विधानमा तोकिएको कार्य मेरो तन, मन, वचन, कर्म र विवेकले जानेबुझेसम्म इमान, धर्म तथा परम कर्तव्य सम्झी महासंघ र नेपालका आदिवासी जनजातिहरूप्रति बफादार रही आदिवासी पूर्खालाई साक्षी राख्दै आदिवासीको भूमिको कसम खाँदै नेपाल आदिवासी जनजाति महासंघको विधान-२०४७-५३ (संशोधन २०७८)को अधिनमा रही आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्नेछु।
आदिवासीको पहिचान र अधिकार प्राप्तिको आन्दोलनमा निष्ठापूर्वक लाग्नेछु।

**नेपाल आदिवासी जनजाति महासंघ, जिन्दावाद।**
**आदिवासी जनजाति एकता जिन्दावाद॥**

**पुनश्चः** महासंघका निर्वाचित पदाधिकारीहरूले आ-आफ्नो मातृभाषामा सपथ खानुपर्ने छ।

सपथ लिने व्यक्तिको नाम :.................................
समिति :.......................................................
पद :...........................................................
हस्ताक्षर :.....................................................

...............................
प्रमुख, निर्वाचन समिति

मिति :.................................

## अनुसूची-५
# सदस्यता निवेदन फाराम

श्री अध्यक्षज्यू,
नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद् सचिवालय ।

### विषयः सदस्यता पाउँ भन्नेबारे ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल आदिवासी जनजाति महासंघको विधान-२०४७-५३ (संशोधन २०७८) बमोजिम हामी.........................आदिवासी जनजातिको संस्था ........ ..... ...............................................................ले सदस्यता प्राप्त गर्न चाहेकोले देहायको बिवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाका लागि एक प्रति विधान, केन्द्रीय समितिको महासंघमा आबद्ध हुने निर्णयको प्रतिलिपि र आफ्नो जातिको संक्षिप्त परिचय सहितको प्रकाशित वा अप्रकाशित बिवरण यसैसाथ सङ्लग्न गरेका छौं । सदस्यता दिनुभएमा नेपाल आदिवासी जनजाति महासंघको विधान-२०४७-५३ (संशोधन २०७८) तथा त्यसअन्तर्गत बनेका नियम, विनियम, निर्देशिकाहरू पूर्ण रूपमा पालना गर्न मञ्जुर गर्दछौं ।

विवरण

१. संस्थाको नामः ..........................................................................

२. संस्थाको उद्धेश्यहरूः ..........................................................................
..........................................................................
..........................................................................
..........................................................................
..........................................................................

३. केन्द्रय समितिको पदाधिकारी तथा सदस्यहरूको नामावली (नाम थर, पद, ठेगाना, पेसा, दस्तखतसहित)ः..........................................................................
..........................................................................

४. आर्थिक स्रोतः ...........................................................................................

५. कार्यालयको ठेगानाः ................................................................................

उक्त विवरणहरू सही साँचो छन् । झूठा ठहरे महासंघको विधान, नियम र विनियम बमोजिमको कारबाही सहौंला ।

संस्थाको छापः.....................................

.........................................                    .........................................

महासचिव

अध्यक्ष

| | |
|---|---|
| नामः..................................... | नामः..................................... |
| ठेगानाः.................................. | ठेगानाः.................................. |
| फोनः..................................... | फोनः..................................... |

## अनुसूची–६
# संस्थापक सदस्य संगठनहरूको नामावली

१. किरात याक्थुङ चुम्लुङ ।
२. किरात राई सांस्कृतिक संघ हालको संशोधित नाम किरात राई यायोक्खा ।
३. नेपाल तामाङ घेदुङ ।
४. नेपाल भाषा मंका खलः हालको संशोधित नाम नेवाः देय् दबु ।
५. सगरमाथा सेवा केन्द्र हालको संशोधित नाम नेपाल शेर्पा संघ ।
६. नेपाल लाङघाली संघ हालको संशोधित नाम नेपाल मगर संघ ।
७. तमु बौद्ध सेवा समिति हालको संशोधित नाम तमू ह्यूल छोंज धिं गुरुङ राष्ट्रिय परिषद् ।
८. सुनुवार सेवा समाज ।

**स्पष्टीकरणः** नेपाल आदिवासी जनजाति महासंघको स्थापना २०४७ सालमा हुँदा माथि उल्लेखित आदिवासी जनजातीय संस्थाहरूबाट भएको थियो ।

## अनुसूची–७

# सदस्य संगठनहरूको नामावली

१. किसान समुदाय क्लव
२. कुचबाडिया उत्थान संघ
३. नेपाल कुमाल समाज सुधार समिति
४. नेपाल कुसुन्डा विकास संघ
५. नेपाल गन्गाई कल्याण परिषद्
६. तमू ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्
७. नेपाल चेपाङ संघ
८. नेपाल छन्त्याल संघ
९. जिरेल संघ नेपाल
१०. नेपाल झाँगड (उराव) कोड्रेम सुधारा
११. नेपाल डोल्पो जनजाति विकास केन्द्र
१२. राजपुरिया समाज कल्याण परिषद्
१३. नेपाल तामाङ घेदुङ
१४. ताङ्वे समाज सेवा संघ
१५. तीनगाउँले थकाली सेवा समाज
१६. तोक्पेगोला समाज सेवा समिति
१७. थकाली सेवा समिति
१८. नेपाल थामी समाज
१९. थारु कल्याणकारिणी सभा
२०. थुदाम सेवा समाज
२१. दनुवार जागरण समिति
२२. नेपाल दरै उत्थान समाज
२३. दुरा सेवा समाज
२४. नेपाल धानुक समाज
२५. धिमाल जाति विकास केन्द्र
२६. नेवाः देय् दबू
२७. नेपाल पहरी विकास संघ
२८. नेपाल बराम संघ
२९. बाह्र गाउँले समाज सेवा समिति

३०. नेपाल बोटे समाज सेवा
३१. ब्याँसी शौका समाज
३२. भुजेल समाज सेवा समिति
३३. नेपाल भोटे जनजाति सेवा संघ
३४. नेपाल मगर संघ
३५. नेपाल माझी उत्थान संघ
३६. मार्फा थकाली सेवा सदन
३७. मुगाल जनजाति समाज कल्याण केन्द्र
३८. मेचे समाज सिवियारी अफात
३९. किरात याक्खा छुम्मा
४०. किरात याक्थुङ चुम्लुङ
४१. किरात राई यायोक्खा
४२. नेपाल राउटे विकास संघ
४३. राजवंशी समाज विकास समिति
४४. राजी शाल्म समाज
४५. रोङ सेजुम ठी (लाप्चा उत्थान मञ्च)
४६. लार्के समाज कल्याण केन्द्र
४७. लाछोंधुन ल्होपा संघ
४८. वालुङ सेवा समाज
४९. शिङ्सा (ल्होमी) कल्याण केन्द्र
५०. नेपाल शेर्पा संघ
५१. नेपाल सन्थाल आदिवासी उत्थान संघ
५२. सियार समाज कल्याण केन्द्र
५३. सुनुवार सेवा समाज
५४. सुरेल जाति उत्थान संघ
५५. वायु गुखाता कोलु पदाक्मी (हायू)
५६. नेपाल ह्योल्मो समाज सेवा संघ